नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तानसेन

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५
फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.com
Website: www.daopalpa.moha.gov.np

च. नं : ६०३४
पत्र संख्या : ०७७/७८

मिति- २०७८/२/२४

## पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारीवाट मिति २०७८।२।२३ मा जारी आदेश

विगतका केही दिन यता विश्वमा फैलिदै गइरहेको नयां भेरियन्ट सहितको कोभिड–१९ को महामारी यस पाल्पा जिल्लामा पनि फैलिएको हुंदा यसको संक्रमण रोकथाम र नियन्त्रणका लागि यस अघि जिल्ला संकट व्यवस्थापन केन्द्र (DCCMC) पाल्पाको मिति २०७८।१।१५ र मिति २०७८।१।२३ गतेको निर्णय बमोजिम स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।२।४ गते राति १२.०० बजेसम्म पाल्पा जिल्लाभर लागू हुने गरी जारी गरिएको निषेधाज्ञाको अवस्था कायमै रहेको हुंदा आज मिति २०७८।२।२३ गते वसेको जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को सिफारिश समेतका आधारमा मिति २०७८।२।२४ गते राति १२.०० वजेदेखि २०७८।२।३१ गते राति १२.०० वजेसम्मका लागि निरन्तरता दिइएको छ।यो आदेशको पालना गर्नु गराउनु हुन सबै व्यक्ति, संघ संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ।कसैले यो आदेशको उल्लंघन गरेमा कोभिड -१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा १९, २१ र २२ तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सवैमा जानकारी गराइन्छ।

### तपशील

क. निषेधाज्ञा व्यवस्थापन सम्बन्धमा

१. निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने।

२. सवै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार गर्न मानिसहरु जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, जात्रा महोत्सव गर्न तथा कुनै पनि प्रकारको खेलकुद संचालन नगर्ने।

३. एम्बुलेन्स, दमकल, शववाहन, अत्यावश्यक खाद्य सामग्री विक्री गर्ने (किराना पसल वाहेक) पसल तथा पशुपंक्षीका दाना दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेटोलियम पदार्थ, निर्माण सामग्री बोकेका सवारी साधनहरु, औद्योगिक कच्चा पदार्थ बोकेका सवारी साधनहरु, चिकित्सक तथा स्वास्थकर्मीहरुले ड्युटी जान आउन प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ सामग्री बोकेका सवारी साधनहरु, अत्यावश्यक सरकारी कामकाजका लागि प्रयोग हुने सरकारी सवारी साधनहरु, प्रेस पास तथा परिचयपत्र वाहक संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु बाहेक पाल्पा जिल्लाभर यात्रुवाहक सार्वजनिक तथा निजी सवारी साधनहरुको संचालनमा रोक लगाउने।

योगेन्द्र प्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पाल्पा, तानसेन

☎ ०७५ {५२०१२३, ५२०१२४, ५२०१२५}
फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.com
Website: www.daopalpa.moha.gov.np

च. नं : 6038
पत्र संख्या : ०७७/७८

४. सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेन्ट, नांचघर, क्लव, फुटसल, जिमखाना, व्युटी पार्लर, शैलुन, सुनचांदी पसल, टेलरिङ्ग, वर्कसप, फुटपाथ पसलहरु लगायतका सेवा एवं स्थलहरु नखोल्ने तथा संचालन नगर्ने।

५. विवाह, व्रतवन्ध एवम अन्य संस्कारजन्य कार्यक्रमहरु घरमै संचालन गर्नुपर्ने र त्यस्ता कार्यक्रममा स्वास्थ सुरक्षाका मापदण्ड अनिवार्य रुपमा अपनाई १० जना भन्दा बढी सहभागि हुन नपाइने।

६. औषधी एवम स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने। अत्यावश्यक दैनिक उपभोगका खाद्य सामग्री विक्री गर्ने (किराना पसल वाहेक) पसल, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेट्रोलियम पदार्थ तथा निर्माण सामग्रीका पसलहरु दिनमा १ पटकमात्र विहान ७.०० वजेबाट १०.०० वजेसम्म मात्र संचालन गर्न पाइने।

७. विकास वैंक तथा वाणिज्य वैंकहरु प्रत्येक दिन विहान ७.०० वजेदेखि विहान १०.०० वजेसम्म खोल्ने। अन्य वित्तीय संस्थाहरु लघुवित्त, सहकारी, बीमा कार्यालयहरुबाट प्रदान गरिने सवै प्रकारका सेवाहरु पूर्ववतरुपमा वन्द नै राख्ने।

८. स्वास्थ सुरक्षा, संचार, विद्युत, खानेपानी, दमकल, सरसफाइ सेवा बाहेक अन्य सरकारी तथा गैरसरकारी कार्यालयहरुबाट प्रदान गरिने सवै प्रकारका सेवाहरु बन्द गर्ने।

९. विकास निर्माण कार्यको हकमा सम्बन्धित निर्माण स्थलमा अनिवार्य रुपमा क्याम्प खडा गरी कामदारहरु राख्ने व्यवस्था मिलाउने।

१०. मठ मन्दिरहरु तथा विभिन्न धार्मिकस्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पुजा वाहेक अन्य सम्पूर्ण धार्मिक सांस्कृतिक गतिविधीहरु संचालन नगर्ने।

**ख. कोभिड–१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ बमोजिम दण्ड, जरिवाना तथा संजाय सम्बन्धमा।**

१. कसैले कोभिड–१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ बमोजिमको कुनै काम गर्न बाधा अबरोध सिर्जना गरेमा एक वर्षसम्म कैद वा पांच लाख रुपैंयासम्म जरिवान वा दुवै संजाय हुनेछ।

२. कसैले यो अध्यादेश बमोजिम जारी भएको मापदण्डको पालना नगरेमा छ महिनासम्म कैद वा तीन लाख रुपैंयासम्म जरिवाना वा दुवै संजाय हुनेछ।

३. यो अध्यादेश बमोजिम दिइएको आदेश पालना नगर्ने व्यक्ति भए एक लाख रुपैंयासम्म र संस्था भए पांच लाख रुपैंयासम्म तत्काल जरिवाना हुनेछ।

(हस्ताक्षर) २०७८/१/१५
योगेन्द्र प्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पाल्पा, तानसेन

☎ ०७५ ५२०१२३, ५२०१२४, ५२०१२५
फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.com
Website: www.daopalpa.moha.gov.np

च. नं.: 6035
पत्र संख्या : ०७७/७८

४. मास्क नलगाई सार्वजनिक स्थलमा आवतजावत गरेमा पटकै पिच्छे एक सय रुपैंया, मानिसको आवतजावत रोक लगाइएको वा नियन्त्रण गरिएको अवस्थामा सोको उल्लघंन गरेमा पटकै पिच्छे दुई सय रुपैंया, सवारी साधनको आवतजावतमा रोक लगाइएको अवस्थामा सम्बन्धित अधिकारीको अनुमति विना वा सुरक्षाकर्मीलाई सूचना नदिई वा विरामी ओसारपसार गर्ने अवस्थामा बाहेक सवारी साधन चलाएमा दुई पांग्रे सवारी साधन भए पटकै पिच्छे दुई हजार रुपैंया र अन्य सवारी साधन भए पटकै पिच्छे पाँच हजार रुपैंया सुरक्षाकर्मीले तत्काल जरिवाना गर्नेछन। यस प्रकारको सवारी साधन सुरक्षाकर्मीले निश्चित समयसम्म नियन्त्रणमा लिनेछन।

५. यो अध्यादेश विपरीतको काम गर्ने संस्था वा व्यवसायलाई माथि उल्लेख भएको संजायको अतिरिक्त प्रमुख जिल्ला अधिकारीले छ महिनासम्मको लागि बन्द गर्न आदेश दिन सक्नेछ।

७८/२/२२

योगेन्द्र प्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी